घोडाघोडी स्थानीय राजपत्र
घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्धारा प्रकाशित
सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| भाग २ | वर्ष ३ | अंक २७ | २०७६ असोज २० गते, सोमबार |
| --- | --- | --- | --- |

**घोडाघोडी नगरकार्यपालिकाबाट मिति २०७६।६।११ मा स्वीकृत भएको नगर स्तरीय कृषि वजार तथा व्यवस्थापन निर्देशिका, २०७६ स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि प्रकाशन गरिएको छ ।**

**प्रस्तावना -**

मुलुकमा खाद्यान्न,तरकारी,फलफुल,नगदेवाली, पशुजन्य उत्पादन लगायतका बिभिन्न कृषि उपजहरुको माग तथा उत्पादनमा समेत बृद्धि हुदै आएको छ । कृषकहरुबाट उत्पिदत कृषि उपजहरुबाट कृषक, व्यापारी, उपभोक्ता समेतलाई लाभान्वित गर्न व्यवस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न आवस्यक भएकोले नगरपालिकाले यो कृषि वजार तथा व्यवस्थापन निर्देशिका २०७६ स्विकृत गरी लागु गरेको छ ।

परिच्छेद १
प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यो निर्देशिकाको नाम "नगर स्तरीय कृषि वजार तथा व्यवस्थापन निर्देशिका, २०७६" रहेको छ ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "**कृषि वजार**" भन्नाले फलफुल, तरकारी, तेलहन, दलहन, मसलावाली, पुष्प, च्याउ ,मह, खाद्यान्न, माछा, मासु, अण्डा लगायतका बस्तु वा समितिले तोकेको अन्य खाद्य तथा कृषि वस्तु र कृषि उत्पादन सामग्री समेतको खरीद बिक्रि सम्बन्धी कृयाकलाप गर्न यस निर्देशिका बमोजिम व्यवस्थापन गरीने स्थान सम्झनु पर्दछ ।

(ख) "**कोष**"भन्नाले समितिलाई प्राप्त नगद तथा जिन्सि समान समेतलाई सम्झनु पर्दछ ।

(ग) "**कृषि वस्तु**" भन्नाले कृषि क्षेत्रबाट उत्पिदत फलफुल, तरकारी, तेलहन, दलहन, मसलावाली, पुष्प, च्याउ ,मह, खाद्यान्न, माछा, मासु, अण्डा जस्ता ताजा वा नाशवान बस्तु र समितिले तोकेको अन्य खाद्य तथा कृषि उपज र कृषि  उत्पादन सामग्री समेतलाई सम्झनु पर्दछ ।

(घ) "**नगरपालिका**" भन्नाले घोडाघोडी नगरपालिका सुखड, कैलाली लाई सम्झनु पर्दछ ।

(ङ) "**कृषि थोक वजार**" भन्नाले पुनः बिक्रि वितरण हुनेगरी पाँच किलो वा सो भन्दा बढी कृषि बस्तुको खरीद विक्रि हुने उद्देश्यले संचालित स्थान सम्झनु पर्दछ ।

(च) "**कृषि उपज संकलन केन्द्र**" भन्नाले उत्पादन क्षेत्रबाट कृषि उपज खरीद गरी वा संकलन मात्र गरी अन्यत्र बजारमा बेचबिखन गर्ने उद्देश्यले संचालित स्थान सम्झनु पर्दछ ।

(छ) "**कृषि खुद्रा**" बजार भन्नाले कृषि वस्तु उपभोक्ताको लागि फुटकर रुपमा खरीद बिक्री गर्ने उद्देश्यले संचालित बजार स्थल सम्झनु पर्दछ ।

(ज) "**अध्यक्ष**"भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(झ) "**सदस्य**" भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्षलाई समेत जनाउने छ ।

(ञ) "**सेवा शुल्क**" भन्नाले बजारमा उपलब्ध गराईएको सेवा वा सुविधावापत समितिलाई प्राप्त हुने इजाजत शुल्क ,प्रवेश शुल्क, स्थान तथा निर्मित संरचना उपलब्ध गराए वापतको भाडा वा अन्य सेवा शुल्क सम्झनु पर्दछ ।

(ट) "**कार्यपालिका**" भन्नाले घोडाघोडी नगरपालिकाको कार्यपालिकालाइ सम्झनु पर्दछ ।

परीच्छेद-२
समितिको गठन,काम कर्तव्य र अधिकार

**३.नगर स्तरीय कृषि वजार व्यवस्थापन समितिको गठनः** (१) कृषि संकलन केन्द्र र खुद्रावजारको संचालन एवं व्यवस्थापन गर्न देहाय बमोजिम कृषि वजार व्यवस्थापन समिति गठन हुनेछ।

(क) नगरपालिकाको प्रतिनिधि(बजार स्थल रहेको वडाका वडा अध्यक्ष) –अध्यक्ष

(ख) नगर क्षेत्र भित्रको सकृय कृषक समुहबाट एक जना महिला सहित दुईजना प्रतिनिधि – सदस्या

(ग) खुद्रा बजार र संकलन केन्द्रमा इजाजत लिइ नियमित कारोबार गर्ने ( तरकारी र फलफुल व्यापारी बाट २(दुइ )जना,माछा मासु बाट १(एक ) गरी ३ जना व्यापारी प्रतिनिधि – सदस्या

(घ) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको एक जना प्रतिनिधि– सदस्य

(ङ) कृषि शाखा प्रमुख –सदस्य सचिव

(२)आफ्नै श्रोत बाट वजार व्यवस्थापक नियुक्ति नभए सम्मका लागि नगरपालिकाको कृषि शाखा प्रमुख वा शाखाले तोकेको कर्मचारीले बजार व्यवस्थापक तथा सदस्स सचिवको रुपमा कार्य गर्ने छ।

**४.समितिको काम,कर्तवय र अधिकार**:समितिको काम,कर्तवय र अधिकार देहाय बमोजिम हुनेछ –

(क) बजारको विकास ,विस्तार र गुणस्तरीय सेवा प्रवाहगर्ने सम्बन्धमा कार्ययोजना बनाइ लागु गर्ने छ।

(ख) बजार संचालनका लागि आवस्यक पर्ने कर्मचारी दरबन्दी,सेवा सर्त र सुविधा एकिन गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्नेछ

(ग) यो निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्न कार्य विधिहरु बनाइ स्वीकृतिका लागि नगर कार्यपालिकामा पेस गर्ने छ।

(घ) बजारको विकास,विस्तार र वजारबाट प्राप्त हुन सक्ने सेवाका सम्बन्धमा प्रचार प्रसार गर्ने।

(ङ) कृषि उत्पादक,व्यापारी ,उपभोक्ता ,संघ,संस्था तथा अन्य सम्बन्धित निकायलाई वजार सेवा ,सुविधा उपलब्ध गराउने।

(च) कृषि वजारको भौतिक सुविधाको संरक्षण ,मर्मत संभार तथा संवर्द्धन गर्ने।

(छ) वजार संचानल सम्बन्धि कुनै समस्या उत्पन्न भएमा सो सामाधान गर्ने।

(ज) समितिले बार्षिक स्वीकृत बजेट तथा कार्यक्रमको परिधि भित्र रहेर खर्च गर्ने।

(झ) बजारको दिर्घकालीन विकास र विस्तार पेश भएको गुरु योजना स्वीकृत गर्ने।

(ञ) गुणस्तरहीन अखाद्य वा मिसावट युक्त तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पर्ने उपज/बस्तु खरिद बिक्री गर्न नपाईने व्यवस्था मिलाउने।

(ट) प्रमाणिक नापतौल प्रणाली (standard weight and measuring system)तथा आधिकारीक निकायबाट प्रमाणित/स्वीकृत नाप तौल विपरित कार्य गरेको पाइएमा सामग्री/उपकरण जफत गरी कारवाही गर्ने।

**५.सदस्यको पदावधिः**(१) पदेन सदस्य बाहेक अन्यसदस्यहरुको पदावधि समिति चयन भएको मितिले ३ बर्षको हुनेछ र निजहरु पुनःनिर्वाचित हुन सक्नेछन।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको पदेन सदस्य बाहेकका अन्य सदस्यहरुको लगातार दुइ पदावधि भन्दा बढी पटक वहाल हुन सक्ने छैन।

(३)समितिले अवस्यक देखेमा सरकरी कर्मचारी ,कुनै स्वदेशी वा विदेशी संस्थाको प्रतिनिधि विशेषज्ञ वा सल्लाहकारलाइ समितिको बैठकमा आमन्त्रण गर्न सकिन्छ।

**६.सदस्यहरुको योग्यता**:यस निर्देशिका बमोजिम गठन हुने संचालक समितिको सदस्य हुनको लागि देहाय बमोजिम योग्यता पुगेको हुनु पर्नेछ –

(क) नेपाली नागरीक

(ख) २५ वर्ष उमेर पुगेको

(ग) कुनै अदालतबाट कैद सजाय भएको रहेछ भने सो भुक्तान भएको पाँच वर्ष पुरा भएको।

(घ) कृषि उपज बजार कोष वा सम्पत्ति अपचलन गरेको प्रमाणित नभएको।

(ङ) प्रचलित कानुनले अयोग्य नठहरीएको हुनुपर्ने।

**७.समितिको बैठक र निर्णय**:(१) समितिको नियमित बैठक प्रत्येक महिनामा एकपटक अध्यक्षले तोकेको स्थान,मिति र समयमा बस्नेछ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुउपस्थितिमा बैठकमा उपस्थित सदस्यहरु मध्येबाट जेष्ठ सदस्यले गर्नेछ।

(३)समितिमा बहुमतको निर्णय मान्य हुनेछ र मत वरावर भएमा बैठकको अध्यक्षता गर्ने ब्यक्तिले निर्णायक मत दिनसक्नेछ।

(४) बैठकको निर्णय अध्यक्ष र सदस्य –सचिवले प्रमाणित गर्नु पर्नेछ।

(५)समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**८.गणपुरक संख्या**: समितिको कुनै सदस्य संख्याको कम्तिमा ५१ एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

**९.उप-समितिको गठन गर्न सक्ने**:समितिले आफ्नो कार्यसंचालनमा सघाउन समितिका कुनै सदस्यको संयोजकत्वमा उप-समिति गठन गर्न सक्ने छ र त्यस्तो उप-समितिको काम ,कर्तव्य र अधकार समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**१०.समितिको कार्यालय**:समितिको कार्यालय कृषि बजार परीसर भित्र रहने भएतापनि कार्यालय संचानल नहुनजेल सम्म नगर कृषि विकास शाखाबाट संचालन गरीनेछ।

## परीच्छेद ३

## कृषि बजार दर्ता,अनुगमन र नविकरण

**११.संकलन केन्द्र तथा कृषि बजार दर्ता सम्बन्धि व्यवस्थाः**

(१) संकलन केन्द्र तथा कृषि बजार समितिको दर्ता घोडाघोडी नगरपालिकामा गरीनेछ।

(२) समिति दर्ता गर्दा देहायका मापदण्ड एवंम प्रक्रिया पुराभएको हुनुपर्ने छ।

(क) बजार स्थापनाका लागि यथेष्ट रुपमा जग्गाको क्षेत्रफल उपलब्ध हुनुपर्नेछ।

(ख) कारोवारको अवस्था

(ग) बाटोको सुविधा

(घ) अन्य बजारहरुको सामिप्यता

(ङ) कृषि उपजको उत्पादनको अवस्था

**१२.नविकरण सम्बन्धि व्यवस्थाः**समितिले प्रतेक ३ वर्षमा दर्ता नविकरण गराउनु पर्ने छ ।नविकरणको आवेदन साथ उक्त अवधिको समितिको लेखापरीक्षण प्रतिवेदन र बस्तु अनुसारको कारोबार(परीमाण र रकम ) समेत संलग्न राखि पेस गर्नु पर्नेछ ।समिति दर्ता गर्ने निकाय बाट नै नविकरण गरीनेछ।

**१३.बजार पुर्वाधार विकासका लागि सरकारी लगानि प्राप्त गर्न देहायका मापदण्ड एवं प्रकृया पुराभएको हुनुपर्नेछ।**

(क) बजारको स्थापना वा पुर्वाधार विकास गर्न प्राविधिक रुपमा सम्भाव्य हुनुपर्ने।

(ख) बजार केन्द्रले चर्चेको /चर्चिने जग्गाको स्वामित्व सार्वजनिक वा संस्थागत निकायमा रहनुपर्ने र सो को उपयोग बजार संचालन प्रयोजनका लागि मात्र हुनेगरी उक्त जग्गा उपलब्ध हुनुपर्ने छ ।कृषि बजारको स्थापनाको लागि आवस्क जग्गा व्यवस्था गर्नु यस नगरपालिकाको कर्तव्य हुनेछ।

(ग) बजार केन्द्रले चर्चेको /चर्चिने जग्गाको स्वामित्व,साध सिमाना र भोगचलन पुर्णतःविवाद रहित तथा कुनै प्रकारको अतिक्रमण वा खिचोला नभएको हुनुपर्ने।

(घ) प्रस्तावक निकाय/लाभग्राहीद्वारा बजारको संचालन ,बजार बाट हुने आम्दानि खर्चको बाँडफाँड र वितरण तथा अन्य आर्थिक एवं व्यवस्थापकीय जिम्मेवारी र दायित्वहरुको बहनका साथै निर्देशिकाको पुर्ण रुपमा परीपालन गर्ने व्यहोराको मन्जुरीनामा पेश गरेको हुनुपर्नेछ।

**१४.अनुगमन सम्बन्धि व्यवस्थाः**

नगरपालिकाबाटसमितिको काम कारवाही तथा बजार कारोवार का सम्बन्धमा नगर प्रमुख वा अनुगमन समिति ले जुनसुकै बेलापनि निरिक्षण गर्नेछ र आवस्यक परेको कागजात उपलब्ध गराउनु समितिको कर्तव्य हुनेछ ।

**परिच्छेद -४**
**समितिको आर्थिक व्यवस्था**

**१५.समितिको कोषः**(१) समितिको एउटा छुटै कोष हुनेछ ।समितिको कोषमा देहायका रकमहरु रहनेछन र समितिको सबै खर्च सो कोषवाट व्यहोरीने छ।

(क) नेपाल सरकार बाट,प्रदेश सरकार बाट र स्थानिय निकाय बाट प्रप्त रकम

(ख) सेवा सुविधाबाट प्राप्त शुल्क र रकम ,

(ग) विभिन्न ब्यक्ति वा संघ,संस्थाबाट प्राप्त रकम ,

(घ) विदेशी सरकार /अन्तराष्ट्रिय संघ,संस्थाबाट प्राप्त सहयोग

(ङ) अन्य नियमित स्रोतबाट प्राप्त रकम।

(२)समितिलाई प्रप्त रकम नेपाल राष्ट्र बैंकबाट बैंकिंग कारोबार गर्न मान्यता प्राप्त बैंकमा खाताखोली जम्मा गर्नु पर्ने छ।

(३)विदेशी सरकार वा अन्तराष्ट्रिय संघ,संस्थाबाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा नेपाल सरकारको पुर्व स्वीकृत लिनु पर्नेछ।

(४)समितिको खाता संचालन समितिको अध्यक्ष र सदस्य-सचिव को संयुक्त दसतखतबाट हुनेछ।

**१६.आर्थिक प्रशासनः**(१) समितिको आय व्ययको लेखा नेपाल सरकारबाट स्वीकृत ढाँचामा राखिने छ।

(२)समितिको लेखा परीक्षण आर्थिक कारोवारको आधारमा चार्टर्ड एकाउण्टेण्ट वा रजिष्टर्ड लेखा परीक्षकबाट आर्थिक बर्ष सकिएको ३ महिना भित्र गराउनु पर्नेछ।

(३)समितिले आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र वार्षिक आय व्यय विवरण सहितको प्रतिवेदन घोडाघोडी नगरपालिका मा बुझाउनु पर्ने छ।

(४)समितिले आय व्ययको समितिले आय व्ययको बिवरण प्रतेक महिनामा सुचना पाटीमा सुचना टाँस गरी सार्वजनिक गर्नु पर्नेछ।

(५)लेखा परीक्षण वाट प्राप्त प्रतिवेदन आर्थिक कार्यविधि नियमावली ,२०६४ अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

(६) समितिले आर्थिक कार्यगर्दा /गराउदा नेपाल सरकारको प्रचलित एन,नियम र आर्थिक कार्यविधिको अधिनमा रहि समितिको स्वीकृत "**आर्थिक प्रशासन कार्यविधि"** बमोजिम गर्नु गराउनु पर्ने छ।

(७)समितिको सम्पुर्ण आर्थिक कारोवार र खर्चको विवरण समितिको नियमित बैठकद्बारा अनुमोदन गरउनु पर्ने छ।

**१७.कृषि उपज बजार स्थलको बर्गीकरणः** कृषि उपज बजार स्थल कुल बाषिक आयको आधारमा देहाय बमोजिमको बर्गीकरण गरिनेछ।

(क) बार्षिक रु ५० लाख भन्दा बढी आय हुने बजार स्थल" क " वर्ग।

(ख) बार्षिक रु २० लाख देखी रु ५० लाख सम्म आय हुने बजार स्थल"ख " वर्ग।

(ग) बार्षिक रु २०लाख सम्म आय हुने बजार स्थल"ग " वर्ग।

**१८.बजारको खर्च व्यवस्थापनः**बजारको खर्च व्यवस्थापन देहाय बमोजिम गरीनेछ।

(क) " क " वर्गका बजारले कुल आयको ७० प्रतशत रकम नियमित बजार संचालन गर्न (कर्मचारी तलब ,भत्ता,बैठक भत्ता ,विजुली पानी ,टेलीफोन तथा अन्य भैपरी खर्च आदी ) तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरेवाफत लाग्ने रकममा व्यहोर्ने र ३० प्रतिशत रकम स्थायी निर्माण कार्य गर्न छुट्याउने।

(ख) "ख " वर्गका बजारले कुल आयको ८० प्रतशत रकम नियमित बजार संचालन गर्न तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरेवाफत लाग्ने रकममा व्यहोर्ने र २० प्रतिशत रकम स्थायी निर्माण कार्य गर्न छुट्याउने।

(ग) "ग " वर्गका बजारले कुल आयको ९० प्रतशत रकम नियमित बजार संचालन गर्न तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरेवाफत लाग्ने रकममा व्यहोर्ने र १० प्रतिशत रकम स्थायी निर्माण कार्य गर्न छुट्याउने।

(घ) स्थानिय निकाद्वारा संचालित बजार बाट उठेको कुल रकमको कम्तीमा २५ प्रतिशत रकम सोहि बजारको पुर्वाधार निर्माण/विकारमा खर्च गर्नु पर्नेछ।

**परिच्छेद -५**

**वजार व्यवस्थापन नियमन तथा अनुगमन सम्बन्धि व्यवस्था**

**१९. अनुगमन समितिः** कृषि बजार सम्बन्धि देहाय बमोजिमको समिति रहने छ –

(१) नगरउप-प्रमुख – संयोजक

(२) इलाका प्रशासन कार्यालय प्रमुख वा प्रतिनिध एक जना – सदस्य

(३) प्रमुख प्रशासकिय अधिकृत–सदस्य

(४) इलाका प्रहरी कार्यालय प्रमुख –सदस्य

(५) नगर उद्योग वाणिज्य संघको अध्यक्ष –सदस्

(६) कृषि शाखा प्रमुख वा निजले तोकेको वजार हेर्ने प्रतिनिधि ( कृषि प्राविधिक)–सदस्य

(७) प्रमुख प्रशासकिय अधिकृतले तोकेको व्यक्ति –सदस्य सचिव

२०.**अनुगमन समितिको काम कर्तव्य र अधिकारः**समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(१) बजार व्यवस्थापन समितिले गरेका क्रियाकलापको अनुगमन गरी सझाव सल्लाह दिने।

(२) बजार संचालन समितिले समाधान गर्न नसकेको विषय हरुमा समन्वय गरी समाधान गर्न नियमन समितिमा राय पेश गर्ने।

(३) समितिका कृयाकलापहरुको समय समयमा अनुगमन तथा निरिक्षण गर्ने।

(४) प्रचलित कानुन अनुसार मापदण्ड अनुरुप तोकिएका बस्तु खरीद विक्रि भएनभएको हेर्ने।

(५) कानुन विपरीत कामगरेको पाइएमा तत्काल उत्पादक तथा व्यापारीलाइ कारवाहि कालागि नियमन समिति लाइ सिफारीस गर्ने।

(६) उत्पादक र उपभोक्ता विचमा हुने मुल्य श्रृङ्खला मा आउने विचौलिय प्रथा अन्त्ये गर्ने।

२१**बजार व्यवस्थापन नियमन समितिः**

(१) नगर प्रमुख – संयोजक

(२) इलाका प्रशासन कार्यालय प्रमुख वा प्रतिनिध एक जना – सदस्य

(३) प्रमुख प्रशासकिय अधिकृत –सदस्य

(४) इलाका प्रहरी कार्यालय प्रमुख –सदस्य

(५) नगर स्तरीय उद्योग बाणीज्य संघको प्रतिनधी –सदस्य

(६) कृषि शाखा प्रमुख –सदस्य सचिव

**२२ बजार व्यवस्थापन नियमन समितिको काम कर्तव्य र अधिकारः**समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(१) बजार व्यवस्थापन समितिलाई निति निर्देशन दिने।

(२) बजार संचालन समितिले समाधान गर्न नसकेको विषय हरुमा समन्वय गरी समाधान गर्ने।

(३) समितिका कृयाकलापहरुको समय समयमा अनुगमन तथा निरिक्षण गर्ने।

(४) अनुगमन समितिबाट प्राप्त सिफारीस अध्ययन गरी समस्या समाधान गर्ने।

(५) दफा २४ अनुसार भंग गर्न सक्ने छ।

**परिच्छेद -६**

**स्टल वा स्थान वितरण सम्बन्धी व्यवस्था**

**२३.स्टल वा स्थान वितरण सम्बन्धी व्यवस्थाः** वजार स्थलबाट उपलब्ध गराईने स्टल,स्थान आदीको भाडा निर्धारण गर्दा समितिद्वारा देहायका आधार र प्रकृया अपनाईने छ।

**(१) भाडा निर्धारणकोआधारहरुः**

**(क)** वजार स्थापना र पुर्वाधार विकासमा भएको लगानि



धनगढी स्थानीय राजपत्र

(ख) बजारको संचालन , व्यवस्थापन खर्च ,

(ग) भौतिक संरचना ,उपकरण र सुविधा हरुको मर्मत संभार तथा विमा खर्च ,

(घ) बजारमा थप पूर्वाधार विकास एवं सुविधाका विस्तारका लागि आवस्यक पर्ने लगानि,

(ङ) जनशक्ति विकास तथा उत्प्रेरणा खर्च ,

(च) आकास्मिक आर्थिक दायित्व तथा जोखिम व्यवस्थापनका लागि आवस्यक पर्ने रकम ,

(छ) अन्य संस्था वा निकायसंग  समितिले लिज वा करारमा जमिन वा टहरा वा सटर लिई भाडामा लगाउनु पर्दा यस निर्देशिका बमोजिम भाडा निर्धारण गर्न नसकिने अवस्थामा जिल्ला भाडा निर्धारण समितिले निर्धारण गरेको भाडा दरलाई मानिनेछ।

**(२) भाडा निर्धारणको प्रक्रियाः**

(क) समितिले भाडामा उपलब्ध गराउने  ,स्थान अदिको वर्गिकरण गर्ने ,

(ख) भाडा निर्धारणको आधार बमोजिमको खर्च अनुमान तथा बजार क्षेत्र वरिपरी प्रचलित भाडादर समेतलाइ मध्यनजर गरी आवधिक भाडा बृद्धिदर समेतको प्राविधिक प्रस्ताव तयार गर्ने ,

(ग) समितिले भाडा निर्धारण सम्बन्धि प्राविधिक प्रस्ताव नगर कार्यपालिका वाट स्वीकृत गराइ सो को आधारमा भाडा निर्धारण गर्ने छ। तर उक्त भाडादर बजार क्षेत्र आसपास प्रचलित समान प्रकारको स्टल,स्थानको औसत  भाडादर भन्दा कम्तिमा पनि १० प्रतिशत सस्तो हुनेगरी कायम गरिनेछ।

**(३)**समितिले कुल स्टल टहरा वा कोठा वा स्थानहरु मध्ये १० प्रतिशत कृषि सहकारी संस्था र कृषक समुहको लागि छुट्याउनु पर्नेछ।

**(४)**स्टल सम्बन्धि सम्झौता भएपछि समितिबाट निर्धारण गरीएको शुलक बार्षिक रुपमा राष्ट्र बैंकको औषत मुल्य बृद्धिदर अनुसार बृद्धि हुनेछ।

**(५)**समितिले प्राङ्गारीक कृषि उपजलाइ कम्तिमा १ र IPM वाट आएको उपजलाइ कम्तिमा १ वटा स्टल छुट्याइनेछ।

**(६)**समिति संग सम्झौता गर्दा समितिले तोकेको भाडाको कम्तिमा ३ महिनाको रकम धरौटी लिइ स्टल वा स्थान उपलब्ध गराउने पर्नेछ।

**(७)**समितिले एकपटकमा बढीमा ५ बर्षसम्मको लागि स्टल वा स्थान उपलब्ध गराउन सक्नेछ।

**(८)** एक परिवारलाई एक वटा मात्र स्टल वा स्थान उपलब्ध गराइनेछ। उपलब्ध गराइएको स्टल वा स्थान कसैलाइ भाडामा लगाएको पाइएमा समितिले सम्झौता रद्दगरी स्टल भाडामा लिदा राखेको धरौटी जफत गर्नेछ र सो को सुचना सम्बन्धित पक्षलाइ दिइनेछ।

## परिच्छेद -७
## विविध

**२३.पदाधिकारी तथा सदस्यलाइ निलम्बन गर्न सक्नेः** पदाधिकारी तथा सदस्यले देहायको कसुर गरेमा निजहरुलाई व्यवस्थापन समितिले तिनमहिना सम्म निलम्बन गर्न सक्ने छ।

(क) आर्थिक अनियमितता गरेमा

(ख) पदीय अख्तियारिको दुरुपयोग गरेमा

(ग) शान्ति सुरक्षामा खलल गर्ने कार्य गरेमा।

**२४.समितिलाई भंग गर्न सक्नेः (१)** देहायको अवस्थामा अनुगमन समितको सिफारीसमा नियमन समितिले,बजार समिति भंग गरी अर्को व्यवस्थागर्न सक्ने छ।

(क) समितिमा रहेका पदिधकारी निस्कृय रहि समिति मनोन्वयन भएको ६ महिना सम्म पनि बैठक बस्न नसकेमा

(ख) समितिलाइ दिएको निर्देशन पालन नगरेमा।

(ग) समितिको हित बिपरीत हुने कार्य गरेमा वा आर्थिक अनियमितता गरेको पाईएमा

(२) उपदफा **(१)**बमोजिम समिति भंग गर्न् अगावै समितिका सबै पदाधिकरी तथा सदस्यलाई सफाईको मौका दिनु पर्दछ।

**२४.बरबुझारथः**निवर्तमान समितिले नवगठीत समितिलाई आफ्नो जिम्माको सम्पुर्ण जिन्सि,नगद ,आय व्यय विवरण तथा कागजात १५ दिन भित्र बुझाउनु पर्ने छ र सो को जानकारी नगरपालीकालाइ दिनुपर्ने छ।

**२५.बजारको स्वामित्वः** जग्गा तथा भौतिकपुर्वाधारहरुमा पुर्ण स्वामित्व नगरपालीकको रहने छ।

**२६.व्यवसायीले पालन गर्नुपर्ने आचरणः**बजार स्थलमा व्यवसाय गर्न चाहने व्यापारी वा व्यवसायिले देहायका आचरण पालन गर्नेपर्ने छ।

(क) इजाजत प्राप्त व्यापारी /व्यवसायिले प्रचलित कानुन बमोजिम तिर्नुपर्ने सम्पुर्ण करहरु व्यवसाय नविकरण गर्दा कर चुक्ताको प्रमाण पेश गर्नुपर्ने छ।

(ख) बजार व्यवस्थापन समितिलाइ आफुले प्रयोग गरेको सुविधा बाफत बुझउनु पर्ने भाडा वा अन्य शुल्क बुझाउदा व्यवस्थापन समितिको खातामा जम्मा गरेको भौचर पेश गर्नुपर्ने छ।

**२७.निर्देशिका संसोधनः**नगरपालिकाले यो निर्देशिका आव्यकता अनुसार संसोधन एवं परिमार्जन गर्न सक्नेछ।

धनगढी स्थानीय राजपत्र

धोडाघोडी स्थानीय राजपत्र

अनुसुचि -१
समितिले प्रयोग गर्ने लेगो तथा छाप

घोडाघोडी स्थानीय राजपत्र

अनुसुचि-२

घोडाघोडी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय ,सुखड ,कैलाली

दर्ता नं. -.............

मितिः -.................

नगर स्तरीय कृषि बजार तथा व्यवस्थापन समिति

दर्ता प्रमाण पत्र

नगर स्तरीय कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका,२०७६को दफा ११(१) बमोजिम घोडाघोडी नगरपालिका वडा नं................................लाई मिति २०७६/...../......मा थोक/संकलन केन्द्र/खुद्रा बाजारको रुपमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

...............................

दर्ता गर्ने अधिकरी

मिति ......................

अनुसुचि-३

नविकरणको ढाँचा

| क्र.सं | व्यवस्थापन समितिको नाम | दर्ता मिति | सदस्यता लिएको मिति | सदस्यता नविकरण गर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी स्थानीय राजपत्र